नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः२०७५/७६ मितिः-२०७६/०७/२७

चलानी नं.: ९५२

विषयः- चौथो राष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनी २०७६ को जानकारी तथा सहभागिता सम्बन्धमा ।

श्री स्थानीय तहहरु (सबै) ।

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प.सं.०७६/०७७, च.नं.४२१, मिति २०७६/०७/२६ को चौथो राष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनी २०७६ को जानकारी तथा सहभागिता सम्बन्धको प्राप्त पत्र यसैसाथ संलग्न छ । सो सम्बन्धमा व्यहोरा पत्रबाटै अवगत गरी प्रदर्शनीमा सहभागीता हुने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ ।

जनकराज शर्मा
शाखा अधिकृत

**बोधार्थः**

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गर्नुहुन ।

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३९, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्याः ०७६/७७
च.नं.: ४२९

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

मितिः२०७६ /०७/२६

विषयः चौथो राष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनी २०७६ वारे सवै स्थानीय तहहरुमा जानकारी तथा सहभागिताका लागि पत्राचारको व्यवस्था सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

उपरोक्त सम्बन्धमा कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं ३ र नेपाल कृषि मेशिनरी व्यवसायी संघ (नामिया) लगायत अन्य विभिन्न सरोकारवाला निकायहरुको संयुक्त आयोजनामा देहायको मिति, स्थान र समयमा चौथो राष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनी २०७६ संचालन हुन गइरहेको र उक्त प्रदर्शनीमा नेपालका घरेलु तथा आयातित नमुना कृषि मेशिनरीको प्रदर्शनी तथा संचालनको जानकारी दिने उद्धेश्यले नेपालमा रहेका कृषि मेशिनरी आयातकर्ता, विक्रेता तथा विदेशी कम्पनीहरु लगायत अन्य सरोकारवालाहरुको व्यापक सहभागितामा करिव १५० स्टल रहने, करिव १ लाख अवलोकनकर्ताले अवलोकन गर्ने, करिव २२ देशका कृषि मेशिनरीसँग आवद्ध वैज्ञानिक, उत्पादक, विक्रेता तथा व्यवसायीहरु लगायत नेपालका बैंक तथा वित्तिय संस्थाहरु, विमा कम्पनीहरु सहितको वृहत सहभागितामा कृषि क्षेत्रमा लगानीको अवसर, कार्यक्षेत्र, सहुलियत कृषि कर्जा एवं कृषिमा लगानी सुनिश्चितताका बारेमा अवलोकनकर्तालाई जानकारी गराइने र यस प्रदर्शनीले स्थानीय तहहरुले अंगिकार गरेको कृषि यान्त्रीकरणमार्फत कृषिमा रुपान्तरण सहितको आधुनिकिकरणको उदेश्य परिपूर्तिमा ठोस मद्दत पुग्ने भएकाले सो प्रदर्शनीमा सवै ७५३ स्थानीय तहहरुबाट कृषक, कर्मचारी, जनप्रतिनिधि लगायत अन्य सरोकारवालाहरुको सहभागिताको लागि कृषक भ्रमण तथा अन्य कार्यकमहरुको समन्वयको व्यवस्थाका लागि कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण केन्द्र अनुरोध भइ आए बमोजिम सवै ७५३ स्थानीय तहहरुलाइ पत्राचारको व्यवस्थाका नेपाल सरकार (सचिवस्तर) को मिति २०७६।०७।२६ को निर्णयानुसार हार्दिक अनुरोध गर्दछु ।

चौथो राष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनी २०७६
मिति- २०७६ मंसिर ६ देखि ९ गतेसम्म
स्थान- चितवन प्रदर्शनी केन्द्र, भरतपुर
समय-विहान १० बजेदेखि साँझ ४ बजेसम्म

रघुराम विष्ट
सह-सचिव

कृषिमा यान्त्रीकरण : कृषिको रुपान्तरण

4th AgriMech
राष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनी
चितवन - २०७६

# चौथो राष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनी २०७६

Nepal's Largest Exhibition on Agricultural Machinery, Farm Equipment & Technologies

## निमन्त्रणा

**यहि २०७६ मंसिर ६ देखि ९ गते सम्म चितवन एक्स्पो सेन्टर, भरतपुर मा**
**हुन गइरहेको चौथो राष्ट्रिय**
**कृषि यान्त्रीकरण प्रदर्शनी २०७६ को**
**पूर्वप्रधानमन्त्री माननीय श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूबाट**
**हुने समुद्घाटन समारोहमा यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।**

### आयोजक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
कृषि पूर्वाधार विकास
तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३, हेटौडा

नेपाल कृषि मेशिनरी व्यवसायी संघ
NEPAL AGRICULTURAL MACHINERY ENTREPRENEURS' ASSOCIATION
(NAMEA)

### सहयोगी पार्टनर

CIMMYT
International Maize and Wheat Improvement Center

CSISA

(कार्यक्रमको लागि कृपया पछाडि हेर्नुहोला।)

# कार्यक्रमहरु :

## उद्घाटन कार्यक्रम :

मिति : २०७६ मंसिर ६ गते
समय : बिहान ११ बजे
स्थान : चितवन एक्स्पो सेन्टर, भरतपुर

## प्रर्दशनी समय :

२०७६ मंसिर ६ गतेदेखि ९ गतेसम्म : बिहान १० देखि साँझ ५ बजेसम्म

## Symposium and Paper Presentation:

मितिः २०७६ मंसिर ८ गते

बिहान ९ बजेदेखि १२:३० बजेसम्म : नेपाल कृषि मेशिनेरी व्यवसायी संघ (**NAMEA**) र एसोसियट पार्टनर **CIMMYT, CSISA, SRFSI** को **Agricultural Mechanization** सम्बन्धी **Symposium** र **Paper Presentation**

## समापन कार्यक्रमः

मिति २०७६ मंसिर ९ गते
समय : दिनको २ बजे
स्थान : चितवन एक्स्पो सेन्टर, भरतपुर